नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
अर्घाखाँची

पत्र संख्याः
चलानी नं.

मिति :- २०७६/१२/२३

## जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को संभावित रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार, मन्त्री परिषद्को निर्णयानुसार निम्न सूचना प्रकाशित गरिएको व्यहोरा सम्पूर्णमा सूचित गरिन्छ ।

१. जिल्ला नाकाहरुबाट आवत-जावत नगर्ने । एक स्थानीय तह बाट अर्को स्थानीय तहमा आवत-जावत नगर्ने ।

२. बिकास निर्माण आयोजनाहरु, दैनिक अत्यावश्क उपभोगका खाद्यबस्तु उत्पादन गर्ने उद्योगहरु, पशुपन्छीको दाना उत्पादन गर्ने उद्योगहरु सञ्चालन गर्दा श्रमिक र अन्य जनशक्तिहरु अनिवार्यरुपमा कार्यस्थालभित्रै गरिनुपर्ने, उनीहरुलाइ खाना र आवासको ब्यवस्था कार्यस्थलभित्रै गरिनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थल बाहिर रहेका परिवारका सदस्य लगायत अन्य कुनै पनि ब्यक्तिहरुसँग सम्पर्कमा आउन नदिने,

२. कार्यस्थलमा ब्यक्ति-ब्यक्ति वीच न्यूनत्तम भौतिक दुरी कायम गर्नु पर्ने,

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सम्वन्धी प्रोटोकल पालना गर्ने,

४. विकास निर्माण सम्बन्धि निर्देशन पालना गर्ने गराउने जिम्मेवारी विकास निर्माण आयोजनाहरुको हकमा आयोजना प्रमुख एवं विभागीय प्रमुखको र निजी क्षेत्रवाट सञ्चालित उद्योगको हकमा उद्योगधनी तथा सञ्चालकको हुने,

५. सिजन अनुसार तत्कालै लगाउनुपर्ने बाली लगाउने र उठाउने कार्य गर्दा न्यूनतम भौतिक दुरी कायम गर्ने, मास्क लगाउने, सानिटाइजर प्रयोग गराउने र नियमितरुपमा सावुन पानीले हात धुने,

६. तरकारी, फलफूल, खाद्यबस्तु, खानेपानी, दुध र औषधि बिक्रि वितरणका कार्यहरुलाई स्वास्थ्य सुरक्षाका आवश्यक प्रवन्धहरु (भिडभाड नगर्ने, क्रेता र बिक्रेताले मास्क र सानिटाइजरको प्रयोग गर्ने गराउने, बिक्रिस्थलमा फिनेल/डिटोल आदिको प्रयोग गरी सफाइ गर्ने) गरी भौतिक दुरी कायम गरी /गराई सेवा प्रवाह गर्ने ।

८. यस अघि संक्रमणको अवधिभर नेपाल प्रवेश भइसकेका ब्यक्तिहरुको निगरानी तथा स्वास्थ्य परीक्षण गर्ने, क्वारेण्टाइनको व्यवस्थापन गर्ने, संक्रमितको परीक्षण गर्ने, आइसोलेसनको ब्यवस्थापन गर्ने कार्यहरुमा स्थानीय तहहरुले समन्वयात्मक रुपमा कार्य गर्ने ।

९. उद्योग बाणिज्य संघ र नेपाल चेम्वर अफ कमर्स लगायतका ब्यवसायीहरुले सर्वसाधारण नागरिकका लागि अत्यावश्क उपभोग्य सेवा तथा बस्तुहरुको आपूर्तिको ब्यवस्था मिलाउने ।

१०. अन्य विषय यस अघि प्रकाशित सूचना बमोजिम हुने, यो सूचना र यस अघि प्रकाशित सूचनाको अवज्ञा गरे कानून बमोजिम कडा कारवाही गरिनेछ ।

2076/12/23

बिष्णुराज वेल्वासे
(सूचना अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

Ph: 077-420133 | 077-420208 | 077-420731 | Fax: 077-420209 | Toll Free: 1660 77-42042 | Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np | arghakhanchidao@gmail.com | Website: daoarghakhanchi.moha.gov.np